# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| **खण्ड ६** | **संख्या ४** | **मिति २०७९।११।०४** |

# भाग २

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

## संवत २०७९ सालको कार्यविधि संख्या ४

## एकीकृत खोर सुधार अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

विहादी गाउँपालिकाले पशुपन्छी पालन क्षेत्रमा महत्वपुर्ण स्थान ओगटेको छ। पशुपन्छी पालन व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्यवसायिक बनाउदै स्वच्छ, स्वस्थ एवम् गुणस्तरीय मासु, अण्डा, तथा दुध उत्पादन र आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण सिर्जनाका लागि गाउँ सभाले तोके अनुसारको कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न विहादी गाउँपालिका गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २(ण) अन्तर्गत अधिकार प्रयोग गरी यो एकीकृत खोर सुधार अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बनाएको छ ।

विहादी गाउँपालिका

**प्रस्तावना:** विहादी गाउँपालिकाले पशुपन्छी पालन क्षेत्रमा महत्वपुर्ण स्थान ओगटेको छ। पशुपन्छी पालन व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्यवसायिक बनाउदै स्वच्छ, स्वस्थ एवम् गुणस्तरीय मासु, अण्डा, तथा दुध उत्पादन र आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण सिर्जनाका लागि गाउँ सभाले तोके अनुसारको कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न विहादी गाउँपालिका गाउँ कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २(ण) अन्तर्गत अधिकार प्रयोग गरी यो एकीकृत खोर सुधार अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

**१. संक्षिप्त नाम तथा प्रारम्भ:**

क) यस कार्यविधिको नाम खोर सुधार अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ रहेको छ ।

ख) यो कार्यविधि विहादी गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

**२. परिभाषा:**

क) “गाउँपालिका” भन्नाले विहादी गाउँपालिका सम्झनु पर्दछ ।

ख) “कार्यपालिका” भन्नाले विहादी गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ग) “शाखा” भन्नाले पशु सेवा शाखा सम्झनु पर्दछ ।

घ) “कृषक” भन्नाले विहादी गाउँपालिका क्षेत्रका पशुपन्छीपालक कृषक सम्झनु पर्दछ ।

ङ) “कार्यविधि” भन्नाले एकीकृत खोर सुधार अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ सम्झनु पर्दछ ।

च)“अनुदान” कार्यक्रम भन्नाले विहादी गाउँपालिकाबाट पशु सेवा शाखा मार्फत अनुदानमा

सञ्चालित कार्यक्रम सम्झनु पर्दछ ।

छ) “लागत सहभागिता” भन्नाले कृषकले बेहोर्नुपर्ने रकम वा प्रतिशत सम्झनु पर्दछ ।

ज) “खोर” भन्नाले बाख्रा, बगुँर र लेयर्स तथा ब्रोईलर कुखुरा पाल्ने ठाउँ

/स्थान भन्ने सम्झनु पर्दछ ।

झ) “फार्म” भन्नाले पशुपन्छीपालन गरेको स्थान र संरचना भन्ने सम्झनु पर्दछ ।

ञ) “वडा” भन्नाले विहादी गाउँपालिकाका वडाहरु सम्झनु पर्दछ ।

परिच्छेद २

कार्यविधिको उद्धेश्य

क) गाउँपालिकाबाट सञ्चालन हुने खोर सुधार अनुदान कार्यक्रम प्रकृयालाई सरल,सहज,प्रभावकारी,पारदर्शी एवं गुणस्तरयुक्त बनाउने ।

ख) दुध, मासु र अण्डा उत्पादन तथा उत्पादकत्व वृद्धी गरी आयआर्जन र पोषण सुरक्षामा टेवा पुर्याउने ।

विहादी गाउँपालिका

ग) पशुपन्छी पालन व्यवसायलाई दिगो,मर्यादित, प्रतिस्पर्धी एवं उत्पादनमूलक बनाउने ।

घ) अनुदानमा आधारित अनुदान वितरण कार्यक्रमलाई सरल र वैज्ञानिकयुक्त बनाई

निष्पक्ष र पारदर्शी बनाउने ।

ङ) सेवा प्रवाहको प्रकृयालाई सरल र प्रणालीयुक्त बनाउने ।

च) पशुपन्छीपालन क्षेत्र विस्तार गरि विहादी गाउँपालिकालाई पौष्टिक आहारको उपलब्धतामा

वृद्धि गरि आयातलाई न्यूनिकरण र निर्यात गरी खाद्य पोषण सुरक्षामा टेवा पुर्याउने ।

छ) लाभग्राहीहरुको छनौट प्रकृयालाई स्पष्ट र पारदर्शी बनाउने ।

ज) दुध, मासु, र अण्डा उत्पादनमा विहादी गाउँपालिकालाई आत्मनिर्भर बनाउने ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन, छनौट र खर्च

( १) कार्यक्रम सञ्चालन प्रक्रिया

क) कार्यक्रममा सहभागी हुन चाहने इच्छुक कृषक/ निजी व्यवसायी/ समुह/ समिति/ सहकारीलाई लक्षित गरी अनुसूची–१ बमोजिमको ढाँचामा कार्यालयले २१ दिनको सूचना प्रकाशन गरिनेछ ।

ख) प्रस्तावकहरुले अनुसूची–२ बमोजिमको ढाँचामा निवेदन कार्यालय वा वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।

ग) कार्ययोजना सहित पेश भई आएका प्रस्तावहरुलाई समितिले अनुसूची–३ बमोजिम प्रस्ताव र स्थलगत मूल्याङ्कन गरी प्राथमिकता क्रम तोकि शाखामा सिफारिस गर्ने र शाखाले स्वीकृत गर्नका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफरिस  गर्नेछ ।

घ) शाखाबाट सिफारिस भइ आएको प्रस्तावको नाम प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरिनेछ ।

ङ) छनौट भएका प्रस्ताव स्वीकृत कार्ययोजना बमोजिम अनुसूची–४ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

च) कार्यालयको प्राविधिकको समन्वय, सुपरीवेक्षण तथा निर्देशनमा खोरलाई मर्मत संभार तथा खोरमा आवश्यक सामग्री खरिदका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि सम्पन्न गर्नुपर्नेछ ।

छ) झुठा विवरण पेश गरेर अनुदान माग गरेको प्रमाणित भएमा अनुदान लिएको भएमा भुक्तानी रोक्का गर्ने र लिई सकेको भए सो रकम बाँकि सरह असुल उपर गरि प्रचलित कानून बमोजिम कारवाही प्रकृया अगाडी बढाईनेछ।

(२) छनौट प्रक्रियाका आधारहरु:

१.सबै छनौट प्रक्रिया कार्य समिति मार्फत गरिनेछ।

२. कार्ययोजना सहितको पेश भई आएका प्रस्तावहरुलाई समितिले अनुसूची–३ बमोजिम प्रस्ताव र स्थलगत मूल्याङ्कन गरी प्राथमिकता क्रममा सबै भन्दा बढि अङ्कभार भएको प्रस्तावनालाई छनौट गरिनेछ।

३. वातावरणीय अनुकुलता र उपयुक्तता तथा सधियारलाई असर नपार्ने भनी प्रमाणित सहित वडा कार्यालयको सिफारिस संलग्न हुनुपर्नेछ ।

विहादी गाउँपालिका

(३) खर्चको मापदण्ड:

१. बाख्राको खोर सुधार अनुदानको लागि कम्तीमा ५-१० वटा माँउ बाख्रा पालेकालाई रु २५,०००।– र १० वटा माँउ भन्दा माथी पालेकालाई प्रति संख्या रु २,०००।- का दरले थप अनुदान उपलब्ध गराईनेछ।

२. बंगुरको खोर सुधार अनुदानको हकमा कम्तीमा २-५ वटा माँउ बंगुर पालेकालाई रु २५,०००।– र ५ वटा माँउ भन्दा माथी पालेकालाई प्रति संख्या रु ३०००।– का दरले थप अनुदान उपलब्ध गराईनेछ।

३. लेयर्स कुखुराको हकमा कम्तीमा २०० वटा कुखुरा पालेकालाई रु २५,०००।– र २०० वटा भन्दा माथी पालेकालाई प्रति संख्या रु ५००।– का दरले थप अनुदान उपलब्ध गराईनेछ।

४.ब्रोईलर कुखुराको हकमा कम्तीमा २००-५०० वटा कुखुरा पालेकालाई रु ३०,०००।- अनुदान उपलब्ध गराईनेछ।

५. लोकल कुखुराको हकमा कम्तीमा ५० वटा माँउ कुखुरा पालेकालाई रु २५,०००।– र ५० वटा भन्दा माथी माँउ पालेकालाई प्रति संख्या रु ५००।– का दरले थप अनुदान उपलब्ध गराईनेछ।

६. प्रस्तावकलाई उपलब्ध गराईने अनुदान रकम प्रस्तावकले पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविक तथा प्राविधिकले निर्देशन गरे अनुसार खोरलाई मर्मत संभार तथा खोरमा आवश्यक सामग्री/प्रविधी खरिद गरि उक्त रकम खर्च गर्नु पर्नेछ।

७. पशुपंक्षीको खोर सुधारका लागि उपलब्ध गराईने रकम भन्दा बढि खर्च भएको खण्डमा कृषक स्वंयमले व्यहोर्नुपर्नेछ।

८. कार्य सम्पन्न पश्चात कार्य प्रगति,सम्झौता तथा आवश्यक बिल भरपाईका आधारमा कार्यालयले बैंक खाता मार्फत अनुदान रकम भुक्तानी गर्नेछ ।

## परिच्छेद ४

समिति सम्बन्धी व्यवस्था

कार्यक्रम व्यस्थापन समितिको गठन: यस कार्यक्रम संचालनको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ।

| | |
|---|---|
| गाँउपालिका उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासककीय अधिकृत | सदस्य |
| आर्थीक विकास समितिको संयोजक | सदस्य |
| कार्यालयको लेखा शाखा प्रमुख | सदस्य |
| पशु बिकाश शाखा प्रमुख | सदस्य-सचिव |

कार्यक्रम व्यवस्थापन समितिले आवश्यक्ता अनुसार कुनै विज्ञको विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) कार्यक्रम अनुगमन तथा मुल्याङ्कन गरि सिफारिस गर्ने।
ख) छनौट भएका प्रस्तावको उजुरी उपर आवश्यक निर्णय लिने।
ग) कार्यक्रम संचालनको क्रममा परेको बाधा अड्चन फुकाउने।
घ) कार्यक्रम संचालन सम्बन्धी अन्य कार्यहरु गर्ने/गराउने।

## परिच्छेद ५

### अनुगमन र मूल्याङ्कन

क) कार्यक्रम कार्यान्वयनको क्रममा कार्यक्रम कार्यान्वयन समितिले आवश्यक्ता अनुसार जुनसुकै समयमा पनि अनुगन गर्न सक्नेछ।

ख) समितिले अनुसूची ३ बमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङकन गरि प्रस्तावक छनौट तथा शाखालाई सिफारिस गरेको आधारमा शाखाले स्वीकृतीका लागि प्रमुख प्रशासकिय अधिकृत समक्ष सिफारिस गर्नेछ।

ग) शाखाबाट सिफारिस भएर आएका अनुदानग्राहीलाई प्रमुख प्रशासकिय अधिकृले स्वीकृत गर्नेछ।

## परिच्छेद ६

### विविध

क) पशुपंक्षीको खोर सुधार अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७९ को कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधिमा थपघट, हेरफेर तथा बाधा अड्काउ फुकाउन आवश्यक भएमा गाउँ कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

ख) यस कार्यविधिमा उल्लेख भएको व्यवस्था संघीय र प्रदेश कानुनसगँ बाँझिएको हकमा सोही बमोजिम हुनेछ ।

विहादी गाउँपालिका

अनुसूची १

प्रस्ताव आवहानको सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मिति:

विहादी गाउँपालिका पशु सेवा शाखाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रमको लक्ष्य अनुसार बाख्रा/बंगुर/लेयर्स/ब्रोईलर कुखुराको खोर सुधार अनुदान कार्यक्रममा अनुदान उपलब्ध गराउने हुनाले यस गाउँपालिका भित्र दर्ता भई व्यवसायिक रुपमा पशुपंन्छी पालिरहेका पशुपंन्छी पालक समूह/ पशुपंन्छी पालक फार्म/ कृषि सहकारी र व्यवसायिक पशुपंन्छी पालक कृषकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन ननाघ्ने गरी मिति ............................ भित्र विहादी गाउँपालिका वा सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुने निवेदनको ढाँचा भरि आफुलाई पायक पर्ने स्थानहरु (गाउँपालिका वा सम्बन्धित वडा कार्यालय) मा आवश्यक कागजात पुऱ्याई निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु:

१.तोकिएको ढाँचा अनुसारको निवेदन।

२.सम्बन्धित वडाको सिफारिस।

३.कृषक वर्गिकरण परिचयपत्र/ नागरिकताको प्रतिलिपी ।

४.संक्षिप्त व्यवसायिक कार्ययोजना

५.फर्म दर्ताको प्रमाण पत्र तथा नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपि।

६.कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

७.सम्बन्धित फर्म/व्यवसायको पान न. प्रतिलिपि।

८. सम्बन्धित विषयमा अध्ययन र तालिम भएमा सोको प्रमाण पत्रको प्रतिलिपी।

९.सम्बन्धित वडा वा गाँउपालिकाबाट रु १००।–राजस्व(अन्य प्रशासनिक सेवा शुल्क) तिरेको रसिद।

विहादी गाउँपालिका

अनुसूची २

निवेदनको ढाँचा

श्रीमान् कार्यालय प्रमुख ज्यू,

विहादी गाउँ कार्यपालिकाको कार्यालय

वहाकीठाँटी, पर्वत ।

बिषय: कार्यक्रम उपलब्ध गराईदिने सम्बन्धमा ।

उपयुक्त विषयमा तहाँ कार्यालयको मिति.................. मा प्रकाशित सूचना अनुसार म निवेदकले पशु शाखा अन्तर्गतको .........................को खोर सुधार अनुदान कार्यक्रममा सहभागी हुन इच्छुक रहेकाले नियमानुसार कार्यक्रममा सहभागि गराईदिनुहुनका लागि सूचनामा माग गरे बमोजिमका कागजात संलग्न राखी यो निवेदन पेश गर्दछु ।

निवेदकको

नाम:

ठेगाना:

फर्मको नाम:

दस्तखत:

मिति:

सम्पर्क नं.:

विहादी गाँउपालिका

अनुसूची ३

१.बाख्राको खोर सुधार अनुदानका लागि मूल्याङ्कन फारम

१.प्रस्तावकको नाम:

२. प्रस्तावकको ठेगाना:

३. कार्यक्रमको नामः

४. मुल्यांकनका आधारहरु:

| | | |
|---|---|---|
| क) नेपाली नागरिकताको प्रमाणपत्रको छायाँ प्रति | छ | छैन |
| ख) तोकिएको ढाचाँमा निवेदन र कार्ययोजना | छ | छैन |
| ग) स्थानिय तह / आधिकारिक निकायमा दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी | छ | छैन |
| घ) पान दर्ता र करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी | छ | छैन |
| ङ) वडा कार्यालयको सिफारिस | छ | छैन |
| च) आवश्यक अन्य कागजात | छ | छैन |

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्ग | कैफियत |
|---|---|---|---|---|
| 1 | खोरको भौतिक पूर्वाधारको अवस्था,खोरको मोहडा र क्षेत्रफल | २० | | |
| 2 | घाँसको उपलब्धता (निजी चरण क्षेत्र भएको १०/ नभएको ९) | १० | | |
| 3 | प्राविधिक रुपमा उपयुर्क्त स्थान अवस्थिति बाटो,बिधुत,पानी र बजारको सम्भावना | २० | | |
| 4 | खोरमा बिभिन्न उमेर अवस्थाका पाठापाठी,बोका,व्याउने माँउ र रोगी बाख्रा छुटाछुटै राख्ने ठाँउ। | २० | | |
| 5 | व्यवसाय विस्तार गर्न सक्ने क्षमता र उत्पादकत्व वृद्धि हुन सक्ने सम्भावना भएमा १०/ नभएमा ९ | 10 | | |
| 6 | सम्बन्धित विषयमा अध्ययन र तालिम भएमा १०/ नभएमा ९ | 10 | | |
| ७ | हालसम्म सम्बन्धित फार्मको नाममा सम्बन्धित व्यवसायको लागि अनुदान लिएको ८ / नलिएको १० | १० | | |
| | जम्मा | १०० | | |

२.बंगुरको खोर सुधार अनुदानका लागि मूल्याङ्कन फारम

१.प्रस्तावकको नाम:

२. प्रस्तावकको ठेगाना:

३. कार्यक्रमको नामः

४. मुल्यांकनका आधारहरु:

| | | |
|---|---|---|
| क) नेपाली नागरिकताको प्रमाणपत्रको छायाँ प्रति | छ | छैन |
| ख) तोकिएको ढाचाँमा निवेदन र कार्ययोजना | छ | छैन |
| ग) स्थानिय तह / आधिकारिक निकायमा दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी | छ | छैन |
| घ) पान दर्ता र करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी | छ | छैन |
| ङ) वडा कार्यालयको सिफारिस | छ | छैन |
| च) आवश्यक अन्य कागजात | छ | छैन |

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्ग | कैफियत |
|---|---|---|---|---|
| 1 | खोरको भौतिक पूर्वाधारको अवस्था खोरको मोहडा र क्षेत्रफल। | २० | | |
| 2 | खोरमा बिभिन्न उमेर अवस्थाका पाठापाठी,भाले,व्याउने माँउ र रोगी बंगुर छुटाछुटै राख्ने ठाउ भएको। | २० | | |
| 3 | प्राविधिक रुपमा उपयुक्त र स्थान अवस्थिति बाटो,बिधुत,पानी र बजारको सम्भावना। | २० | | |
| 4 | व्यवसाय विस्तार गर्न सक्ने क्षमता र उत्पादकत्व वृद्धि हुन सक्ने सम्भावना भएमा २०/ नभएमा १८ | २० | | |
| 5 | सम्बन्धित विषयमा अध्ययन र तालिम भएमा १०/ नभएमा ९ | १० | | |
| ६ | हालसम्म सम्बन्धित फार्मको नाममा सम्बन्धित व्यवसायको लागि अनुदान लिएको ८ / नलिएको १० | १० | | |
| | जम्मा | १०० | | |

३. लेयर्स/ब्रोईलर कुखुराको खोर सुधार अनुदानका लागि मूल्याङ्कन फारम

१.प्रस्तावकको नाम:

२. प्रस्तावकको ठेगाना:

३. कार्यक्रमको नामः

४. मुल्यांकनका आधारहरु:

| | | |
|---|---|---|
| क) नेपाली नागरिकताको प्रमाणपत्रको छायाँ प्रति | छ | छैन |
| ख) तोकिएको ढाचाँमा निवेदन र कार्ययोजना | छ | छैन |
| ग) स्थानिय तह / आधिकारिक निकायमा दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी | छ | छैन |
| घ) पान दर्ता र करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी | छ | छैन |
| ङ) वडा कार्यालयको सिफारिस | छ | छैन |
| च) आवश्यक अन्य कागजात | छ | छैन |

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्ग | कैफियत |
|---|---|---|---|---|
| 1 | खोरको भौतिक पूर्वाधारको अवस्था खोरको मोहडा र क्षेत्रफल। | २० | | |
| 2 | खोरको चौडाई २५ फिट सम्म, खोरको भुईको सतह ढलान भए नभएको | १० | | |
| 3 | प्राविधिक रुपमा उपयुक्त र स्थान अवस्थिति बाटो,बिधुत,पानी र बजारको सम्भावना। | २० | | |
| 4 | व्यवसाय विस्तार गर्न सक्ने क्षमता र उत्पादकत्व वृद्धि हुन सक्ने सम्भावना भएमा २०/ नभएमा १८ | २० | | |
| 5 | सम्बन्धित विषयमा अध्ययन र तालिम भएमा १०/ नभएमा ९ | १० | | |
| ६ | वातावरणीय / सामाजिक प्रभाव (राम्रो १०/ नराम्रो ९) | १० | | |
| ७ | हालसम्म सम्बन्धित फार्मको नाममा सम्बन्धित व्यवसायको लागि अनुदान लिएको ८ / नलिएको १० | १० | | |
| | जम्मा | १०० | | |

अनुसुची ( ४)

सम्झौताको ढाँचा

विहादी गाउँपालिका गाउँ कार्य पालिकाको कार्यालय पर्वतमा आ.व.......................... मा सञ्चालन हुने ..................................................खोर सुधार अनुदान कार्यक्रमको लागि विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत (यस पक्ष प्रथम पक्ष भनिने) र अनुदानका लागि छनौटभएका कृषक....................................................(यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका शर्तहरुको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

**शर्तहरु:**

१. प्रथम पक्षको लागत साँझेदारमा ................................. कार्यक्रमको लागि अनुदान रकम दोस्रो पक्षलाई प्रदान गर्नेछ ।

२. दोस्रो पक्षले बाँकी रकमको व्यवस्था गरी जिल्ला पर्वत विहादी गाउँपालिका वडा नं.........मा मिति ......... ................ भित्र सम्पन्न गरि सो को बिल भरपाई पेश गर्नुपर्नेछ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविक तथा प्राविधिकले निर्देशन गरे अनुसार खोरलाई मर्मत संभार तथा खोरमा आवश्यक सामग्री खरिदका सम्पूर्ण कार्यहरु उच्च गुणस्तरको कायम राखि सम्पन्न गर्नेछ ।

४.कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्वन्धी प्राविधिक कार्यहरुमा गाउँपालिकाले सहजीकरण गर्ने छ।

५. दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको बिल भरपाई र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात नियमानुसार दोस्रो पक्षको बैङ्क खाता मार्फत एकमुष्ट भुक्तानी दिईनेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन निरिक्षण गरी सम्झौता मुताविक कार्य भए नभएको हेर्ने र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७. दोस्रो पक्षले कार्यक्रम सञ्चालन सबैले देख्ने गरी अनिवार्य रुपमा कार्यक्रमको नाम,ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नुपर्नेछ ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन मर्मत संम्भार व्यवस्थापन जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. दुईपक्षीय सम्झौता मुताविक काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउनेछ । त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाकी सरह असुल उपर कार्य प्रकृया अगाडी बढाइनेछ ।

१०. नियमानुसारको कर दोस्रो पक्षबाट कट्टी गरि भुक्तानी गरिनेछ ।

११. रकम भुक्तानीका क्रममा दोस्रो पक्षले आफ्नो खोरमा प्राविधिक निर्देशन बमोजिम गरेको मर्मत संम्भार तथा आवश्यक सामग्री खरिद नभएमा प्रथम पक्षले दोस्रो पक्षलाई अनुदान रकम भुक्तानी गर्नेछैन् ।

१२. दोस्रो पक्षले आफ्नो खोरमा प्राविधिक निर्देशन बमोजिम गरेको मर्मत संम्भार तथा आवश्यक सामग्री खरिद प्रथम पक्षले निर्देशन गरेको भन्दा बढी खर्च भएमा बढी रकम भुक्तानी गर्नेछैन ।

१3. यस सम्झौतामा कुनै विवाद भएमा प्रथम पक्षको निर्णय नै अन्तिम हुनेछ ।

१4. अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट<br>नामः<br>पदः<br>दस्तखतः<br>मितिः<br>कार्यलयको छापः | दोस्रो पक्षको तर्फबाट<br>नामः<br>पदः<br>दस्तखतः<br>मितिः<br>छापः |

इति सम्वत्................साल...........महिना......गते रोज.......शुभम् ।

**<u>आज्ञाले</u>**

चूर्ण बहादुर कार्की

प्रमुख प्रशासकीय अधिकृत

विद्यादी गाउँपालिका